**May 3rd, 2025** **Saturday**

**प्रमुख समाचार:**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र अंगोलाका राष्ट्रपति जोआओ म्यानुएल गोन्जाल्भेस लोरेन्को बीच प्रतिनिधिमण्डल स्तरीय वार्ता, दुई देशबीच विभिन्न क्षेत्रमा धेरै सम्झौताहरू आदानप्रदान
२. पहलगाम आतंकवादी हमलापछि भारतद्वारा पाकिस्तानबाट हुने सबै प्रत्यक्ष र अप्रत्यक्ष आयातमा प्रतिबन्ध
३. मुम्बईमा जारी वेभ्स सम्मेलनमा विश्वव्यापी फर्महरू र इन्डियन इन्स्टिच्युट अफ क्रिएटिभ टेक्नोलोजीबीच समझदारी पत्रमा हस्ताक्षर
४. गोवाको एक गाउँमा महोत्सवक क्रममा भागदौड हुँदा छ जनाको मृत्यु र ८० भन्दा बढी घाइते
५. अनि आईपीएल क्रिकेटमा, रोयल च्यालेन्जर्स बैंगलोरले आज साँझ बेंगलुरुमा चेन्नई सुपर किंग्सको सामना गर्ने

**अब समाचार विस्तारमा**

१. MEA – Angola Prez Visit

भारत र अंगोलाबीच कृषि, परम्परागत औषधि र संस्कृति लगायत विभिन्न क्षेत्रहरूमा धेरै सम्झौताहरू आदानप्रदान भएका छन्। नयाँ दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदी र अंगोलाका राष्ट्रपति जोआओ म्यानुएल गोन्जाल्भेस लोरेन्कोबीच प्रतिनिधिमण्डलस्तरीय वार्तापछि यी सम्झौताहरू आदानप्रदान भएका हुन्। संयुक्त पत्रकार सम्मेलनमा, श्री मोदीले आतंकवादी र उनीहरूका समर्थकहरू विरुद्ध दृढ र निर्णायक कारबाही गर्ने भारतको प्रतिबद्धतामाथि जोड दिनुभयो। उहाँले भन्नुभयो.

प्रधानमन्त्रीले अंगोलाको सेनाको आधुनिकीकरणका लागि २० करोड डलरको रक्षा ऋण स्वीकृत भएको बताउनुभयो। विदेश मन्त्रालयका सचिव दम्मु रविले नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिनुभएअनुसार खरिद गरिने सामानहरूको सन्दर्भमा निजी र सार्वजनिक क्षेत्रका कम्पनीहरूसँग छलफल भइसकेको उल्लेख गर्नुभयो। प्रधानमन्त्री मोदीले अफ्रिकी संघको अध्यक्षताको लागि अंगोलालाई शुभकामना दिनुभयो। श्री मोदीले भारतको G-20 अध्यक्षताको समयमा अफ्रिकी संघलाई G-20 मा स्थायी सदस्यता प्रदान गर्नु भारतको लागि गर्वको कुरा भएको उल्लेख गर्नुभयो। राष्ट्रपति लोरेन्कोले भारत र अंगोला बीचको मित्रता र सहयोगलाई सुदृढ पार्न यो भ्रमणलाई महत्त्वपूर्ण बताउनुभयो। विदेशमन्त्री डा. एस जयशंकरले आज बिहान राष्ट्रपति लोरेन्कोलाई भेट्नुभयो। डा. जयशंकरले राष्ट्रपति लोरेन्कोको प्रधानमन्त्री मोदीसँगको वार्ताले भारत-अङ्गोला र भारत-अफ्रिका सम्बन्धको विकासका नयाँ बाटोहरू खोल्ने विश्वास व्यक्त गर्नुभयो। अंगोलाका राष्ट्रपति भारतको तीन दिने भ्रमणमा हिजो नयाँ दिल्ली आइपुग्नुभएको हो। राष्ट्रपति द्रौपदी मुर्मुले आज अंगोलाका राष्ट्रपतिसँग वार्ता गर्नुहुनेछ। उहाँको सम्मानमा राष्ट्रपति भवनमा रात्रिभोजको पनि आयोजना गरिने छ।

२. Pakistan Import Ban

पहलगाम आतंकवादी हमलापछि भारतले अर्को कडा कदम चालेको छ। पाकिस्तानबाट हुने सबै प्रत्यक्ष र अप्रत्यक्ष आयातमा तत्काल लागू हुने गरी प्रतिबन्ध लगाएको छ। विदेश व्यापार महानिर्देशनालयले एक सूचना जारी गर्दै यो घोषणा गरेको हो। सूचनामा जनाइएअनुसार यो प्रतिबन्ध राष्ट्रिय सुरक्षा र सार्वजनिक नीतिको हितको निम्ति लगाइएको हो। यस प्रतिबन्धमा कुनै पनि प्रकारको फेरबदल गर्नु परेमा सरकारबाट स्वीकृति लिनुपर्नेछ। साथै, भारतले पाकिस्तानबाट आउने सबै प्रकारका मेल र पार्सलहरूको आदानप्रदानमा पनि प्रतिबन्ध लगाएको छ। सञ्चार मन्त्रालयका अनुसार सरकारले हवाई र सतही दुवै मार्गबाट हुलाक र पार्सलको आदानप्रदानमा रोक लगाउने निर्णय गरेको छ।

३. Prez Mediation

राष्ट्रपति द्रौपदी मुर्मुले न्याय प्रदान गर्न मध्यस्थता एक आवश्यक भाग भएको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित मध्यस्थता सम्बन्धी राष्ट्रिय सम्मेलनमा राष्ट्रपतिले विचाराधीन विशेष मुद्दामा मात्र नभई ठूलो संख्यामा मुद्दा मामिलाहरूको बोझ कम गरेर न्यायप्रणालीलाई द्रुत गति दिन मध्यस्थताले अहम् भूमिका खेल्ने बताउनुभयो। उहाँले वर्ष २०४७ सम्ममा विकसित भारतको सपना साकार पार्न मध्यस्थता एक महत्त्वपूर्ण माध्यम हुने बताउनुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ.**

४. Waves News

अब वेभ्स सम्मेलनबाट समाचार -

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भारतले मिडिया र मनोरञ्जन क्षेत्रमा विश्वव्यापी नेतृत्व लिन सक्ने बताउनुभएको छ। यस सम्बन्धमा विश्वका धेरै कम्पनीहरूले भारतसँग काम गर्ने इच्छा व्यक्त उहाँले बताउनुभयो। आज मुम्बईमा भएको वेभ्स सम्मेलनको क्रममा गुगल, मेटा र माइक्रोसफ्ट लगायत सात विश्वव्यापी फर्महरूले इन्डियन इन्स्टिच्युट अफ क्रिएटिभ टेक्नोलोजी-आईआईसीटीसँग सम्झौतामा हस्ताक्षर गरेका छन्। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले वेभ्समा सामुदायिक रेडियो सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै देशभर भइरहेको सामुदायिक रेडियोको कामको

प्रशंसा गर्नुभएको छ। सूचना तथा प्रसारण सचिव संजय जाजुले वेभ्स बजार २०२५ ले १,००० करोड रुपैयाँभन्दा बढीको कारोबार हासिल गरेको बताउनुभएको छ। उहाँले भन्नुभयो.

५. Fishermen Released

तमिलनाडुको रामेश्वरमका २५ मछुवाराहरूलाई श्रीलंकाको जेलबाट रिहा गरिएको छ। यी मछुवाराहरूलाई फेब्रुअरी २३ मा रामेश्वरम नजिकैको मण्डपममा माछा मार्ने क्रममा पक्राउ गरिएको थियो। उनीहरूमाथि अन्तर्राष्ट्रिय जल सीमामा अतिक्रमण गरेको आरोप लगाइएको थियो। उनीहरूको डुङ्गा पनि श्रीलंकाली नौसेनाले कब्जा गरेको थियो। तमिलनाडुका मुख्यमन्त्री एम.के.स्टालिनको अपीलमा विदेश मन्त्रालयको हस्तक्षेपपछि उनीहरूलाई हिजो रिहा गरिएको थियो।

६. Goa - Stampede

गोवाको एक गाउँमा आज महोत्सवको क्रममा भागदौड हुँदा छ जनाको मृत्यु भएको छ भने ८० भन्दा बढी घाइते भएका छन्। आज बिहान हजारौं भक्तजनहरू जलिरहेको कोइलामाथि नाङ्गो खुट्टा हिँड्ने शताब्दीऔं पुरानो अनुष्ठान हेर्न र त्यसमा भाग लिन मन्दिरमा भेला भएका बेला यो घटना भएको थियो। राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले घटनामा परी मृत्यु भएकाहरूप्रति शोक व्यक्त गर्नुभएको छ।

७. Bal Puraskar

पाँच देखि १८ वर्ष उमेर समूहका बालबालिकाका लागि प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार-२०२५ को लागि यस वर्ष जुलाई ३१ सम्म मनोनयन गर्न सकिनेछ। प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार एक प्रतिष्ठित राष्ट्रिय स्तरको पुरस्कार हो। भारतका राष्ट्रपतिले बालबालिकाको असाधारण उपलब्धिहरूलाई मान्यता दिन वार्षिक रूपमा यो प्रदान गर्ने गरिन्छ।

८. World Press Freedom Day

आज विश्व प्रेस स्वतन्त्रता दिवस हो। विश्वभर प्रेस स्वतन्त्रताको प्रवर्द्धन र प्रेस स्वतन्त्रताको अवस्थाको मूल्याङ्कन गर्न यो दिवस मनाइन्छ। विश्व प्रेस स्वतन्त्रता दिवसको घोषणा सन् १९९१ मा संयुक्त राष्ट्र संघको महासभाले गरेको थियो।

९. Sports News

अब खेल समाचारः **आईपीएल क्रिकेटमा** आज रोयल च्यालेन्जर्स बैंगलोरले चेन्नई सुपर किंग्सको सामना गर्नेछ। यो खेल साँझ साढे सात बजेदेखि बैंगलोरमा खेलिनेछ। भुवनेश्वरमा जारी कलिंगा सुपर कप फुटबल प्रतियोगिताको फाइनलमा एफसी गोवाले जमशेदपुर एफसीको सामना गर्नेछ। खेल साँझ साढे सात बजेदेखि खेलिनेछ।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

१. प्रधानमन्त्री नरेन्द्र मोदी र अंगोलाका राष्ट्रपति जोआओ म्यानुएल गोन्जाल्भेस लोरेन्को बीच प्रतिनिधिमण्डल स्तरीय वार्ता, दुई देशबीच विभिन्न क्षेत्रमा धेरै सम्झौताहरू आदानप्रदान
२. पहलगाम आतंकवादी हमलापछि भारतद्वारा पाकिस्तानबाट हुने सबै प्रत्यक्ष र अप्रत्यक्ष आयातमा प्रतिबन्ध
३. मुम्बईमा जारी वेभ्स सम्मेलनमा विश्वव्यापी फर्महरू र इन्डियन इन्स्टिच्युट अफ क्रिएटिभ टेक्नोलोजीबीच समझदारी पत्रमा हस्ताक्षर
४. गोवाको एक गाउँमा महोत्सवक क्रममा भागदौड हुँदा छ जनाको मृत्यु र ८० भन्दा बढी घाइते
५. अनि आईपीएल क्रिकेटमा, रोयल च्यालेन्जर्स बैंगलोरले आज साँझ बेंगलुरुमा चेन्नई सुपर किंग्सको सामना गर्ने